लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, रुपन्देही

फो नं : ०७१५२०२२२
मो.नं : ९८५१२३९०२१
मो.नं : ९८४८०४८२९३

प.सं ०७९।०८०
च.नं :

## प्रस्तावना आव्हान सम्बन्धी विस्तृत सूचना
## दोश्रो पटक प्रकाशित मिति २०७९।११।१९

यस कार्यालयको चालु आ व ०७९।०८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार एक सामुदायिक वन एक उद्यम क्रियाकलापको लागी रु ५ लाख बजेट विनियोजन भएको र यसबाट प्रस्तावनको आधारमा एक भन्दा बढी रुपन्देही जिल्ला भित्रका उद्यमहरुलाइ कुल लागतको ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिने हुँदा स्वीकृत कार्यसुची मा उल्लेखित शर्त बमोजिम योग्यता पुगेका र नियमानुसार दर्ता भएका ईच्छुक सामुदायिक तथा कबुलियती वन उपभोक्ता समुह सहकारी सस्था तथा विधिवत दर्ता भएका मान्यता प्राप्त सघ सस्था र समूहबाट यो सूचना प्रकाशन भएको मितिले ७ सात दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । कार्यसुची र अन्य विस्तृत जानकारी यस कार्यालयमा सम्पर्क राख्नु हुन।

### शर्तहरु

- स्वीकृत बजेट रु ५ लाख कन्टेन्जेन्सी समेतको फागुन २५ गते भित्र रही प्राप्त प्रस्तावनाहरुको उपयुक्तता र क्षमताको आधारमा एक भन्दा बढी सामुदायिक वन उपभोक्ता समुहलाइ कुल लागतको ७५ सम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।
- प्रस्तावना तोकिए बमोजिमको ढाँचामा हुनुपर्नेछ र साथमा रु १० को हुलाक टिकट टाँसी आवेदन समूह दर्ता प्रमाणपत्र स्थायी लेखा नम्वर दर्ता प्रमाण पत्र आ व ०७८।०७९ को करचुक्ता प्रमाणपत्र सस्थाको नवीकरण साथै व्यवसायीक योजना सहितको बिस्तृत लागत अनुमान पेश गर्नु पर्नेछ । उपरोक्त बमोजिम रित नपुगेको प्रस्तावहरु उपर कुनै कारवाही गरिने छैन । पेश हुन आएका प्रस्तावहरु मध्ये प्रारम्भिक छनौटबाट सफल भएका प्रस्तावदाताहरुलाइ मात्र यस कार्यालयबाट सूचना दिइनेछ ।
- अन्य निकायबाट एउटै प्रयोजनको उद्यममा अनुदान प्राप्त गरेका समुहलाइ सोही प्रयोजनको लागि पुन : अनुदान उपलब्ध गराईने छैन ।
- कार्यसुची र प्रस्तावको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ र सोही ढाँचामा तोकिएको मापदण्ड भित्र रही प्रस्ताव पेश गर्नुपर्नेछ । साथै ईमेल मार्फत प्रस्ताव पेश गर्नुपर्ने परेमा सम्बन्धित समूह/सहकारी/सघसस्थाले यस कार्यालयको ईमेल dforupandehi@gmail.com मा कागजातहरु सम्लग्न गरी पठाउन सकिनेछ ।

०७९।११।१९
जय प्रकाश गुप्ता
सहायक वन अधिकृत (डि.व.अ)



CamScanner